बैठक नं ०६

मितिः- २०७६।१०।२७

समयः- ११.०० बजे

स्थानः- कैलाश गाउँकार्यपालिकाको कार्यालय, मकवानपुर ।

आज मिति २०७६।१०।२७ गते सोमबारको दिन कैलाश गाउँपालिकाका अध्यक्ष श्री टंक बहादुर मुक्तानज्यूको अध्यक्षतामा गाउँकार्यपालिकाको बैठक तपसिलको उपस्थितिमा बसि देहाय अनुसारको प्रस्तावहरु माथी छलफल गरी निम्नानुसारको निर्णय पारित गरियो ।

उपस्थितिः

| | | |
|---|---|---|
| | श्री टंक ब. मोक्तान | अध्यक्ष, कैलाश गाउँकार्यपालिका मकवानपुर |
| | श्री सुकुमाया थिङ्ग | उपाध्यक्ष, कैलाश गाउँकार्यपालिका मकवानपुर |
| | श्री पेमा योन्जन | सदस्य, कैलाश गाउँकार्यपालिका मकवानपुर |
| | श्री राजेन्द्र तामाङ घिसिङ | सदस्य, कैलाश गाउँकार्यपालिका मकवानपुर |
| | श्री देव लाल बल | सदस्य, कैलाश गाउँकार्यपालिका मकवानपुर |
| | श्री तिलक बा. मुक्तान | सदस्य, कैलाश गाउँकार्यपालिका मकवानपुर |
| | श्री छेकु लामा | सदस्य, कैलाश गाउँकार्यपालिका मकवानपुर |
| | श्री ठुलो कान्छा लामा | सदस्य,कैलाश गाउँकार्यपालिका मकवानपुर |
| | श्री उदास कु. भ्लोन | सदस्य,कैलाश गाउँकार्यपालिका मकवानपुर |
| | श्री सुर्ज बा. थिङ्ग | सदस्य,कैलाश गाउँकार्यपालिका मकवानपुर |
| | श्री सुमन लटौला | सदस्य,कैलाश गाउँकार्यपालिका मकवानपुर |
| | श्री माणिकलाल मुक्तान | सदस्य,कैलाश गाउँकार्यपालिका मकवानपुर |
| | श्री गोविन्द बि.क. | सदस्य, कैलाश गाउँकार्यपालिका मकवानपुर |
| | श्री संगिता प्रजा | सदस्य, कैलाश गाउँकार्यपालिका मकवानपुर |
| | श्री आशिष प्रजा | सदस्य, कैलाश गाउँकार्यपालिका मकवानपुर |
| | श्री लक्ष्मी मुक्तान | सदस्य, कैलाश गाउँकार्यपालिका मकवानपुर |
| | श्री फुल माया सिंतान | सदस्य, कैलाश गाउँकार्यपालिका मकवानपुर |
| राममाया | श्री राम माया प्रजा | सदस्य. कैलाश गाउँकार्यपालिका मकवानपुर |
| | श्री रामप्रसाद शर्मा | सदस्य-सचिव, कैलाश गाउँकार्यपालिका, मकवानपुर |
| | श्री सुरेश न्यौपाने | अधिकृत, कैलाश गाउँकार्यपालिका, मकवानपुर |
| | श्री प्रकाश राई | माइन्यूट सहयोगी, कैलाश गाउँकार्यपालिका, मकवानपुर |

बैठकका एजेण्डाहरु:

१. सामूदायिक विद्यालयहरुको लेखा परिक्षण शिक्षक पदपूर्ति र कक्षा थप सम्बन्धमा ।
२. स्वास्थ्य शिविर र अपाङ्ग परिचय पत्र वितरण सम्बन्धि कार्यक्रम खर्च अनुमोदन सम्बन्धमा ।
३. तालीम कार्यक्रम सम्बन्धमा ।
४. कार्यालयले गरेका खरिद सम्बन्धि कार्य अनुमोदन सम्बन्धमा ।
५. कार्यविधि सम्बन्धमा ।
६. विविध सम्बन्धमा ।

निर्णयहरु:-

निर्णय नं १:- प्रस्ताव नं १ माथि आवश्यक छलफल गर्दा तपसिल अनुसार हुने गरि निर्णय गरियो ।

तपसील

क. कैलाश गाउँपालिकाभित्र सञ्चालित सामूदायिक विद्यालयहरुमा रिक्त **ECD,** करार, राहत (प्रा.वि., नि.मा.वि. र मा.वि.) दरबन्दिहरुमा विज्ञापन गरी शिक्षक नियुक्ती गर्न कार्यविधि निर्माण गर्नु पर्ने भएको हुँदा सो कार्य यथाशिघ्र सम्पन्न गर्न शिक्षा शाखालाई जिम्मेवारी दिने निर्णय गरियो ।

ख. कैलाश गाउँपालिका अन्तर्गतका सम्पूर्ण सामूदायिक विद्यालयहरुको आ.व.२०७५/७६ को लेखा परीक्षण गर्न तततत् विद्यालयहरुका सम्पूर्ण विवरणहरु (श्रेस्ता, आय व्यय, वार्षिक वासलात, जिन्सि मौज्दात आदी) वर्तमान शिक्षा ऐन नियम एवम् नेपाल सरकारको प्रचलित कानून बमोजिम लेखा परिक्षाकहरुको आवेदन संकलन गर्न १५ दिने सूचना प्रकशान गर्ने निर्णय गरियो ।

निर्णय नं २:- जिल्ला स्वास्थ्य कार्यालयको प्राविधिक सहयोगमा राक्सिराङ गाउपालिका र कैलाश गाउँपालिकाको संयुक्त आयोजनामा विकुटार, राक्सिराङ ४ मा मिति २०७६।१०।९ गते गरेको एकिकृत स्वास्थ्य शिविरमा खाना खाजा खर्च वापतको रु. २८ हजार र कैलाश गाउँपालिकाभरिका अपाङ्गहरुलाई अपाङ्ग परिचय पत्र वितरण सम्बन्धि कार्यक्रमका लागि खर्च भएको रकम रु. २० हजार गरी जम्मा ४८ हजार विविध शिर्षकबाट व्यहोर्ने गरी अनुमोदन गर्ने निर्णय गरियो ।

निर्णय नं ३:- प्रस्ताव नं ३ माथि आवश्यक छलफल गर्दा तपसिलअनुसार हुने गरि निर्णय गरियो ।

क. कैलाश गा.पा. कार्यालयको स्वीकृत दरबन्दी भित्र रिक्त रहेका सहायक चौथो र सहायक पाँचौ तहका कर्मचारीहरु लो.से.आ., हेटौंडा मकवानपुरेको सिफारिस पत्रानुसार नियुक्ति पाई कार्यरत रहेको । यसैगरि गा.पा.मां विभिन्न मितिमा करार सेवामा सहायकस्तरका अन्य कर्मचारी र कार्यलय सहयोगी समेत कार्यरत रहँदै आएकोमा कर्मचारीहरुलाई कार्यलय व्यवस्थापन, घटना दर्ता, दैनिक प्रशासनिक कार्य तथा स्थानीय ऐन, नियम/कानुन सम्बन्धि विविध विषयमा ५ दिने तालिम दिई कार्यालयको काममा क्षमतावान बनाई प्रभावकारी सार्वजनिक सेवा प्रवाह गर्न चालु आ.व. ०७६/०७७ को स्वीकृत कार्यक्रम शीर्षक कन्टीजेन्सीबाट आवश्यक लागत अनुमान का आधारमा बजेट व्यवस्था गर्ने निर्णय गरियो ।

निर्णय नं ४:- कैलाश गाउँपालिका कार्यालयले हालसम्म गरेका खरिद सम्बन्धि (५ थान Tablet खरिद, कर्मचारी आवास व्यवस्थापनका लागि खरिद गरिएको फर्निचर र डस्ना, सिरक, पलंग आदी) सम्पूर्ण कार्य अनुमोदन गर्ने निर्णय गरियो ।

निर्णय नं ५:- प्रस्ताव नं ५ को सम्बन्धमा छलफल गर्दा देहायकाकार्यविधिहरु स्वीकृत गर्ने निर्णय गरियो ।

तपशिल

क. प्राविधीक कर्मचारी शिक्षक तथा श्रेणीविहिन कर्मचारी करार सेवामा भर्ना कार्यविधी २०७६
ख. Hightech Poly House प्रविधि विस्तार कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७६
ग. ब्लक सञ्चालन कार्यविधि, २०७६
घ. पकेट सञ्चालक कार्यविधि, २०७६
ङ. अन्तर जिल्ला कृषक भ्रमण कार्यविधि, २०७६
च. बिजे वृद्धी विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०७६
छ. कृषि मेला प्रदर्शनी कार्यविधि,२०७६

निर्णय नं ६:- प्रस्ताव नं ६ को विविध विषयमा छलफल गर्दा तपसिलअनुसार हुने गरि निर्णय गरियो ।

क. सवारी साधनका लागि ईन्धन उपलब्ध गराउने सम्बन्धमा ।

यस गाउँपालिकाका तपशिलमा उल्लेखित प्रहरी चौकीहरुलाइ प्रति प्रहरी चौकी माशिक १५ लिटर पेटोल उपलव्ध गराउने निर्णय गरियो ।साथै ईलाका प्रहरी कार्यलय, मनहरी र पालुङ मकवानपुरलाई माशिक १५ लिटर डिजल उपलव्ध गराउने निर्णय गरियो ।

ख. कार्यक्रम शिर्षक परिवर्तन सम्बन्धमा ।

यस गाउँपालिकाको आ.व.२०७६/७७ को स्वीकृत कार्यक्रम अन्तरगत पर्ने प्रधानमन्त्री कृषी आधुनिकीकरण परियोजना अन्तरगतको तरकारी पकेट कार्यक्रम कार्यक्रमलाई अदुवा पकेट कार्यक्रम अनुदान कार्यक्रममा रुपान्तरण गर्न गाउँ सभावाट अनुमोदन गर्ने गरी कार्यकंम सचालन गर्ने निर्णय गरियो ।

ग. शिक्षक नियुक्ति सम्वन्धमा ।

श्री शिक्षा सेवा आयोगबाट शिक्षा सेवाको तृतीय तहमा सिफारिश भई यस गाउँपालिकामा नियुक्तिका लागि आउनु भएका शिक्षकहरुमध्ये ३ जना शिक्षक (सरिता रेग्मी, रमिला हिमडुङ, र बौवा विश्वकर्मा) हालसम्म पनि गाउँपालिकामा हाजिर हुन नआएको र निर्धारित समयावधि पनि समाप्त भैसकेको हुँदा उक्त रिक्त रहेको स्थानमा बैकल्पिक योग्यताक्रममा रहेका उम्मेवारहरुलाई नियुक्ति गरी पठाउन जिल्ला शिक्षा विकास तथा समन्वय इकाइलाई अनुरोध गर्ने निर्णय गरियो ।

घ. भवन भाडा सम्झौता सम्बन्धमा ।

यस गाउँपालिका वडा नं ३ मा सञ्चालित श्री कालिकाटार बहुउद्देश्यीय सहकारी संस्था लि.को भवन हाल सानीमा बैंक कालिकाटारले उपयोग गरिरहेको र सो वापतको मासीक भाडा गाउँपालिकाको राजस्व खातामा गएको सन्दर्भमा उक्त भवन सहकारी संस्थाको नाममा नामसारी भएकोले अव उप्रान्त उक्त भवनको भाडा श्री कालिकाटार बहुउद्देश्यीय सहकारी संस्था लि. लाई भुक्तानी हुने गरी सानिमा वैक कालिकाटार लाइ सिफारीस निर्णय गरियो ।

ङ. सवारी साधन भाडा रकम सम्बन्धमा ।

यस गाउँपालिकाको प्रयोजनार्थ सम्झौता भई भाडामा लिएको बा १० च २७८ नं को सवारी साधनको म्याद मिति २०७६।०९।२५ मा समाप्त भएकोले पुन १ (एक) महिनाको लागि म्याद थप गर्ने निर्णय गरियो ।

च. आर्थिक सहयोग सम्बन्धमा ।

१. जिल्ला वचत तथा ऋण सहकारी संस्था लि. मकवानपुरले मिति २०७६ फागुन २४ र २५ गते आयोजना गर्ने २ दिवसीय सुशासन व्यवस्थापन तथा गुणस्तरीय विकासका लागि "सहकारी लेखा तथा सुपरिवेक्षण समिति कार्यशाला गोष्ठी २०७६" का लागि सहयोग स्वरुप ३००००। (तीस हजार) उपलब्ध गराउन गा.पा. को स्वीकृत बजेट शिर्षक संस्थागत अनुदानबाट उपलव्ध गराउने निर्णय गरियो ।

निणय नं ७

यस गाँउपालिकामा करार सेवामा कार्यरत इन्जिनियर श्री महेश के सी साविक स्वीकृत इन्जिनियर पदमा कार्यरत रहदै आएकोमा उक्त पदमा लोक सेवा अयोगवाट पदपुर्ति भएको र यस गाउँपालिकामा एक जना इन्जिनियरले सम्पुर्ण योजना अनुगमन गर्न नसक्ने भएकोले निज इन्जीनियरलाइ अर्को व्यवस्था नभए सम्मको लागी अव उप्रान्त दैनिक ज्यालादारीमा जिल्ला दररेट अनुसार कन्टिजेन्सीवाट तलव भत्ता पाउने गरी सम्झैता गर्ने निर्णय गरियो ।

कैलाश गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
कालिकाटार, मकवानपुर
बागमती प्रदेश, नेपाल

निर्णय न ८

यस गाउँपालिकामा केही शाखा हाल सम्म स्थापना हुन नसकेकोले तत्काल शाखा स्थापना तथा कर्मचारी व्यवस्थापन गरी सुचारु गर्न कर्मचारी वैठकवाट निर्णय गराइ कार्यान्वयन गराउन निर्देशन दिने निर्णय गरियो ।

निर्णय न ९

यस कार्यालयमा कार्यरत करार सेवाका कर्मचारीहरुको म्याद सकिएकोले साविककै सेवा सर्तका अधिनमा रही करारनामा २०७७ अषाढ मसान्त सम्म थप गर्ने निर्णय गरीयो ।

निर्णय नं १०

यस गाउँपालिकाममा रहेका स्वास्थ्य चौकीको मसलन्द खर्चका लागी कन्टीजेन्सीवाट खर्च हुने गरी प्रर्ति स्वास्थ्य संस्था प्रति महिना ३ हजारका दरले उपलव्ध गराउने निर्णय गरियो ।

निर्णय नं ११

यस गाउपालिकामा चाहिने गाउँ सभावाट विनियोजन भए वमोजिमका शिर्षक उपशिर्षक अर्न्तगत विनियोजन भएको रकम अनुसारका मेशिनरी औजार, उपकरण, सामाग्री र कार्यालय सामान सार्वजनिक खरिद ऐन नियमको परिधि भित्र रहि खरिद गर्न गाउपालिका कार्यालयलाइ निर्देशन दिने निर्णय गरियो ।

निर्णय नं १२

मकवानपुर जिल्ला साविक नामटार गाविस हाल कैलास गाउपालिका वडा नं ९ मा नामटार स्वास्थ्य चौकी रहेको छ । देश संघिय संरचनामा जादा साविक नामटार गाउँ विकास समितिलाइ टुक्राइ साविकको वडा नं १,३,४ हालको भिमफेदी गाउपालिकाको वडा नं ९ कायम भएको छ र वाँकी साविकका वडाहरु क्रमस २,५,७ हाल कैलास गाउँपालिका वडा नं ९ र नामटार गाविसका साविकका ६,८,९ नं वडाहरु मिलेर कैलास गाउँपालिका वडा नं १० कायम भएको हो । साविक नामटार गा.वि.स वडा नं २ मा अवस्थित नामटार स्वास्थ्य चौकी हाल कैलास गा.पा वडा नं ९ मा रहेको भएता पनि उक्त स्वास्थ्य चौकीमा संघिय सरकार तथा प्रदेश सरकारवाट प्राप्त हुने सवै किसिमका सेवा सुविधा र वजेट नामटार स्वास्थ्य चौकी भिमफेदी गाउपालिकाको नाममा प्राप्त हुदै आइरहेकोले उक्त स्वास्थ्य चौकी यसै गाउँपालिकाको वडा नं ९ मा रहेकोले भिमफेदी गाउँपालिकामा प्राप्त हुदै आइरहेको सेवा सुविधा र वजेट वाट कटटा गरि यस कैलास गाउँपालिकामा कायम गरि दिनु हुनु संघिय तथा प्रदेश सरकार सँग अनुरोध गर्ने निर्णय गरियो ।

बहादुर मुक्तान
अध्यक्ष

प्रशासकीय अधिकृत

**निर्णय नं १३**

यस गाउँपालिका वडा नं ९ मा तपशिल बमोजिमका योजनाहरुलाइ आवश्यक वजेट व्यवस्था गरि दिनु हुनु संघिय सरकार तथा प्रदेश सरकारलाइ अनुरोध गर्ने निर्णय गरियो ।

तपशिल

१ नामटार स्यार्से कालिका मन्दीर निर्माण तथा पर्यटन विकास
२ नामटार वस्ति वचाउ योजना
३ नामटार सिंचाइ योजना

**निर्णय नं १४**

यस गाउपालिकामा यस आ.वमा मेडपा कार्यक्रम वडा नं ७ मा संचालन गर्ने निर्णय गरियो ।

**निर्णय नं १५**

यस गाउँपालिका वडा नं १ मा स्थायी वसोवास भएका श्री प्रताप मुक्तान लाई मिति २०७६ साल पौष ६ गते अचानक करेन्ट लागी शक्त घाइते भएको र निजको आर्थिक अवस्था कमजोर रहेकोले निजलाइ प्रहरी सर्जिमिन मुचुल्काका आधारमा रु २५००० पच्चिस हजार मात्र आर्थिक सहायता उपलव्ध गराउने निर्णय गरियो ।

**निर्णय नं १६**

यस गाउँपालिकालाइ आगामी वर्ष आ.व २०७७ साल फागुन मसान्त सम्म वालमैत्री स्थानीय शासनयुक्त गाउँपालिका घोषणा गर्ने कार्यक्रम रहेकोले उक्त कार्यक्रमलाइ संचालन गर्न यस गाउँपालिकामा कार्यरत स्वास्थ्य शाखा प्रमुख श्री श्याम सुन्दर महतो लाइ कार्यक्रम संयोजक तोक्ने निर्णय गरियो ।

**निर्णय नं १७**

यस गाउँकार्यपालिकाबाट चालु आ व ०७६।७७ को योजना तथा कार्यक्रमहरुको लागत अनुमान २०७६ पौष मसान्त र योजना सम्झौता गर्ने म्याद २०७६ माघ मसान्तसम्ममा गर्ने गरी निर्णय भएकोमा भौगोलिक कठिनाईको कारण लागत अनुमान र सम्झौता गर्ने म्याद २०७७ वैशाख मसान्तसम्म गर्ने गरी निर्णय गरियो ।

टंक बहादुर मुक्तान
अध्यक्ष

प्रमुख प्रशासकीय अधिकृत